सुशासन, विकास र गुणस्तरीय भौतिक पूर्वाधार
सुविधा, समानता र न्यायसहितको समृद्ध महानगर ।

# स्थानीय तह निर्वाचन २०७९

विराटनगर महानगरपालिकाको निर्वाचनमा

# नेकपा (एमाले) को प्रतिबद्धतापत्र



मेयर पदका उम्मेद्वार
क. सागर थापा



उप–मेयर पदका उम्मेद्वार
क. शिल्पा निराला कार्की













- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुनेछन् ।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुनेछन् ।
- हाम्रो नेतृत्वमा रहेका पालिकाहरू सुशासनमा नमूना बन्नेछन् ।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्नेछन् ।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्नेछन् ।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानूनी कारवाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्नेछन् ।

**सूर्य चिन्हमा मतदान गरौँ**

**नेकपा (एमाले) का उम्मेद्वारहरुलाई विजयी बनाऔँ ।**

**सुशासन, विकास र गुणस्तरीय भौतिक पूर्वाधार**
**सुविधा, समानता र न्यायसहितको समृद्ध महानगर ।**

# विराटनगर महानगरपालिकाको निर्वाचनमा
# नेकपा (एमाले)का प्रतिबद्धताहरू

आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू !

स्थानीय सरकारको रुपमा लोकतन्त्रको आधारशिला निर्माणमा निर्णायक भूमिका खेल्ने स्थानीय तहको २०७९ बैशाख ३० गते हुने निर्वाचनमा तपाई हामी सहभागी हुँदैछौं । यस अवसरमा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, सामाजिक न्याय, समानता र जनजीविकाका साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाका निम्ति अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण आदरणीय सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

विराटनगरको समृद्धिको आधार निर्माण गर्न २०५४ को निर्वाचनमा हाम्रो पार्टी नेकपा (एमाले)ले नगरको नेतृत्व सम्हालेर यस सहरको एकीकृत र दीगो विकासको जग बसालने कार्यको योजनावद्ध थालनी गरेको थियो । एकीकृत कार्यमूलक योजना तर्जुमा गरी नगरको सम्पूर्ण भौगोलिक क्षेत्रलाई आर्थिक, व्यापारिक, आवास, सेवा, कृषि तथा हरित क्षेत्र निर्धाण गरिएको थियो । त्यसैगरी नगरको ढल निकासको गुरुयोजना र चरणवद्ध निर्माण कार्य, सडक तथा भवन निर्माण मापदण्ड निर्धारण, नगर यातायत सञ्चालन गर्न बस टर्मिनलका लागि जग्गा खरिद, रिङ्रोडको रेखाङ्कन, विशेष आर्थिक क्षेत्र निर्माण जस्ता नगरबासीहरूको वृहत्तर हित हुने कार्यहरू प्रारम्भ गरेको थियो । ती योजना तथा कार्यक्रमलाई निरन्तरता दिइएको भए यो नगर निकै व्यवस्थित र विकसित भइसक्ने थियो । तर, गएको निर्वाचनमा नेपाली काँग्रेसको नेतृत्वमा विराटनगर महानगरपालिका पुगेको कारण उक्त कार्यले निरन्तरता पाउँन सकेन । काँग्रेसको नेतृत्वमा रहेको निवर्तमान महानगरका जनप्रतिनिधिले कुनै ठोस र प्रभावकारी योजना तथा कार्यहरू नगरी पाँच वर्षको अवधि विताएका छन् । बरू एमालेको नेतृत्वले बनाएको गुरुयोजना

अनुरुप एडिबीको सहयोगमा बनेका सडक र ढलहरूलाई देखाएर सो काम आफूले गरेको भनी झूठो प्रचार गरी जस लिने प्रयत्न गरिरहेका छन् ।

अतः विगतका राम्रा योजना र कामहरूलाई निरन्तरता दिँदै दीर्घकालीन योजना र ठोस कार्यक्रमका साथ विराटनगरलाई आधुनिक र सूचना प्रविधिमैत्री सुन्दर र समृद्ध महानगर बनाउने अभियानका साथ अगाडि बढ्ने दृढ संकल्प गर्दै आगामी पाँच वर्षभित्र मेगासिटीको आवश्यक पूर्वाधार पूरा गरी १० वर्षभित्र देशको नमूना र समृद्ध सहर बनाउने ध्येयका साथ नेकपा (एमाले) ले विराटनगरबासी समक्ष निम्न प्रतिबद्धता गर्दछ ।

**हाम्रा प्रतिबद्धताहरू**

१. महत्वपूर्ण विकास अभियानहरू सर्वदलीय सहमति जुटाएर दीगो विकासको अवधारणा अनुरुप तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना बनाएर सम्पन्न गर्नेछौं ।

२. बृहत विराटनगरको गुरुयोजना बनाई व्यवस्थित, विकसित र वातावरणमैत्री स्मार्ट सिटी बनाउने छौं ।

३. स्थानीय अर्थतन्त्रको विकास तथा उपलब्ध अवसर र स्रोतसाधनहरूको उच्चतम सदुपयोग गरी सुशासनयुक्त विकास कार्यक्रम अगाडि बढाउने छौ । गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गरी न्याय र समानता सहितको समृद्ध महानगर निर्माण गर्नेछौं ।

४. योजना तर्जुमा गर्दा पछाडि पारिएका तथा सीमानतकृत समुदायको विकास, सहभागिता तथा समावेशीकरणमा विशेष ध्यान दिनेछौं ।

५. प्रदेश नं.१को राजधानी सहर विराटनगरमा प्रदेश सरकार र प्रदेश सभाका स्थायी भौतिक संरचना निर्माण गर्न आवश्यक पहल र सहजीकरण गर्नेछौं ।

६. महानगरको सर्वाङ्गीण विकासका लागि एक स्वायत महानगर योजना आयोग बनाई त्यस अन्तरगत नगरबासीको पहुँच हुने गरी योजना बैंक सञ्चालन गर्नेछौं ।

**क. शिक्षा**

७. नेपालको संविधानमा व्यवस्था भए अनुरूप बालबालिकाको शिक्षाको

अधिकार सुनिश्चित गर्नेछौं ।

८ सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत सिकाइ उपलब्धि हासिल गर्नका लागि आगामी पाँच वर्षभित्रमा भौतिक पूर्वाधारयुक्त (भवन, शौचालय, खानेपानी, प्रयोगशाला, कार्यशाला, सूचना प्रविधि प्रयोगशाला,छात्रा साझाकक्ष, चमेनागृह, कम्पाउनड वाल, खेलमैदान, यातायात) सुविधासम्पन्न, बाल तथा अपाङ्गमैत्री बनाइने छ । गरिब तथा विपन्न वर्गका बालबालिकालाई निःशुल्क शैक्षिक सामग्री उपलब्ध गराउनेछौं ।

९. निजी क्षेत्रमा सञ्चालित विद्यालयलाई पूर्वाधारयुक्त, शैक्षिक गुणस्तर युक्त र बालमैत्री बनाउन आवश्यक पहल गर्नेछौं ।

१०. सबै बालबालिकालाई बाल विकास केन्द्रमा भर्ना गर्ने व्यवस्था मिलाउनेछौं । शैक्षिक गुणस्तर सुधार गर्ने तथा सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने छौं । विपन्न वर्गका नागरिकका छोराछोरी अध्ययन गर्ने आधारभूत विद्यालयहरू पहिचान गरी नमूना विद्यालयको रूपमा विकास गर्नेछौं ।

११. महानगरभित्र रहेका क्याम्पसहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्न अभिप्रेरित गर्दै पूर्वाधार निर्माणमा विशेष सहयोग गर्नेछौं । बहुप्राविधिक शिक्षालयलाई विस्तार गरी महानगरका पाँचवटा क्षेत्रमा सञ्चालन गर्नेछौं ।

१२. सबै सामुदायिक विद्यालयहरूका कक्षाकोठामा इन्टरनेट सहितको स्मार्ट बोर्डको व्यवस्था मिलाइने छ ।

१३. महानगरभित्रका गरीबीको रेखामुनि रहेका छात्रछात्रालाई प्राविधिक तथा ईञ्जिनियरिङ शिक्षाको अवसर प्रदान गर्न घुम्ती कोष स्थापना गरी शैक्षिक उपहार कार्यक्रम सञ्चालन गर्नेछौं ।

**ख. स्वास्थ्य**

१४. सबै वडामा महानगर स्वास्थ्य केन्द्र स्थापना गरी नगरबासीका लागि निःशुल्क स्वास्थ्य परीक्षण सेवा तथा आधारभूत औषधी उपलव्ध गराउनेछौं । रानी स्वास्थ्य चौकीलाई २५ सैयाको अस्पतालमा

स्तरोन्नति गर्नेछौं ।

१५. सबै नगरबासीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गरी अस्पतालबाट सरल, सहज र व्यवस्थित स्वास्थ्य सेवा प्रदान गर्नेछौं । कोशी अस्पतालमा विहान तथा दिउँसो सेवा सञ्चालन गर्न पहल गर्नेछौं ।

१६. महानगरभित्रका गर्भवती महिलाले सर्वसुलभ रुपमा प्रसूति अगाडि र पछिका सेवा, नवजात शिशु तथा बालबालिकाका आधारभूत खोप तथा पोषण सेवाहरू अनिवार्य रूपमा प्राप्त गर्ने व्यवस्था गर्नेछौं । विराटनगर महानगर कार्यपालिका कार्यालयमा छुट्टै स्तनपान कक्ष स्थापना गर्नेछौं ।

१७ गरिबीको रेखामुनि रहेका नागरिकलाई सुगर, प्रेसर थाइराइड लगायत दीर्घ रोगको औषधि निःशुल्क उपलव्ध गराउनेछौं ।

१८ गर्भवती आमा पोषण कार्यक्रम सञ्चालन गर्नेछौं । विपन्न वर्ग, दलित र पिछडावर्गका पाँच वर्षमुनिका बालबालिकाको लागि बालपोषण कार्यक्रम र बाल स्याहार केन्द्र सञ्चालन गर्नेछौं । महिला स्वास्थ्य स्वयम्सेविकाको सेवासुविधा थप गर्नेछौं ।

१९. योग तथा प्राकृतिक चिकित्सा पद्धतिको योजनाबद्ध विकास गर्नेछौं । साथै, आयुर्वेदिक तथा होमियोपेथिक उपचार पद्धतिको विकासमा जोड दिनेछौं ।

**ग. सार्वजनिक यातायात तथा सडक**

२०. प्रस्तावित नगर यातायात रुटमा पर्ने सडकहरूको क्षेत्र र स्तर वृद्धि गरी सुविधासम्पन्न वातावरणमैत्री नगरबस सञ्चालन गर्नेछौं । साथै, मझौला तथा साना सवारी साधनको लागि व्यवस्थित पार्किङको व्यवस्था गर्नेछौं ।

२१. प्रदेश तथा संघीय सरकारको सहयोगमा विराटनगरको विमानास्थलबाट अन्तर्राष्ट्रिय उडान भर्न सक्ने बनाउन आवश्यक सुविधा र उपकरणको व्यवस्था गर्नेछौं ।

२२. मोरङ सुनसरी सिञ्चाइ आयोजनाको नहरको पश्चिमतर्फ बोटबिरुवा

र फूलबारीसहित हरियाली तथा पूर्वतर्फ हरियाली सहितको सडक निर्माण गर्नेछौं ।

२३. विराटनगर चक्रपथलाई मुख्य बजार बाहिरको बैकल्पिक मार्गको रूपमा विकास गर्नेछौं ।

२४. पैदलयात्रीको बढी चाप भएको जनआनदोलन चौक, घाँसचौक, भृकुटीचौक, बरगाछी, कञ्चनबारीलगायतका स्थानमा आकाशेपुल निर्माण गर्नेछौं ।

२५. महानगरभित्रका सिटी सफारी र अटोरिक्साको व्यवस्थित स्टैण्ड, चार्जिङ स्टेसन र नियमित रूट तथा भाडा निर्धारण गर्नेछौं ।

२६. यस करिडोरका अन्य स्थानीय तहसँग समन्वय र साझेदारीमा रानी-विराटनगर-धरान कोशी मार्गमा ठूला विद्युतीय सवारी साधन सञ्चालन गर्नेछौं ।

**घ. खानेपानी, सरसफाइ तथा ढल निकास**

२७. विराटनगरमा शुद्ध र गुणस्तरीय खानेपानी वितरण प्रणालीको व्यवस्था गर्नेछौं ।

२८. अति विपन्न परिवारलाई शौचालय निर्माणका लागि अनुदानको व्यवस्था गर्नेछौं ।

२९. वर्षात्को समयमा हुने डुबानबाट मुक्त पार्न सतह नाला तथा ढल निर्माण कार्यलाई प्राथमिकतासाथ सम्पन्न गर्नेछौं । ढल सुधार र प्रशोधन कार्यलाई विस्तार गर्नेछौं ।

३०. उद्योग, अस्पताल र प्रयोगशालाहरूबाट निस्कने जोखिमपूर्ण फोहरलाई इन्सिनेटरको माध्यमवाट विसर्जन गर्नेछौं । आवास तथा व्यावसायिक प्रतिष्ठानको फोहर स्रोतबाटै वर्गीकरण र संकलन गरी पुनःप्रयोग, पुनःप्रशोधन र सुरक्षित विसर्जनको व्यवस्था मिलाउनेछौं ।

**ङ. सुरक्षित आवासः**

३१. विराटनगर महानगरभित्र बसोबास गर्ने विपन्न वर्ग र भूमिहीन दलितका लागि जमिन सहित आवास योजना कार्यान्वयन गर्नेछौं । महानगरवासीको दीर्घकालीन हित र सुरक्षालाई ध्यानमा राखी

भवनसंहिता पालन गराउनेछौं ।

३२. मानवका लागि सुरक्षित आवास भन्ने नाराका साथ फुसको छानो भएका नागरिकको घरमा निःशुल्क जस्ताको छानो बनाइदिनेछौं ।

३३. बाढी र डुबान विराटनगरको मुख्य प्राकृतिक विपत्तिको कारक भएकोले यसको दीर्घकालीन समाधान खोजिने छ । विपद्को बेला सुरक्षा प्रदान गर्न खुला क्षेत्र, विपद् व्यवस्थापन उपकरण र खाद्य भण्डारको ब्यवस्था मिलाउनेछौं ।

**च. सामाजिक विकास**

३४. विराटनगरलाई पहिलो बालमैत्री महानगर बनाउने अभियान सञ्चालन गर्नेछौं । बालबालिकालाई विद्यालयमा खाजाको व्यवस्था गर्नेछौं । विराटनगरलाई सडक र श्रमिक बालकमुक्त सहर बनाउने छौं ।

३५. विराटनगरमा बसोबास गर्ने विपन्न वर्ग पहिचान गरी परिचयपत्रको व्यवस्था गर्नेछौ । दलित, सुकुम्बासी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका लगायत सीमानतकृत परिवारलाई घरजग्गा रजिष्ट्रेशन गर्दा लाग्ने दस्तुर र महानगरपालिकाले लिने सम्पति करमा सहुलियत दिनेछौं । यस वर्गको उत्थानका लागि विशेष कार्यक्रम ल्याउनेछौं ।

३६. प्राकृतिक विपद्बाट महानगरबासीलाई राहत दिनका विपद् राहत कोष स्थापना गर्नेछौं ।

३७. दृष्टिविहीन तथा अपाङ्गता भएका व्यक्तिलाई सीपमूलक तालिम तथा व्यवसाय सञ्चालनमा विशेष आर्थिक सहयोग गर्नेछौं । उत्पादित बस्तुको बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्नेछौं ।

३८. ज्येष्ठ नागरिकको अभिलेख अद्यावधिक गर्ने व्यवस्था मिलाउनेछौं । निजी, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा वडास्तरीय जेष्ठ नागरिक चौतारी र दिवा सेवा केन्द्र स्थापना गर्नेछौं । साथै, विराटनगर-८ अशोकचौक नजिक रहेको श्रद्धा आश्रमको निर्माणलाई पूर्णता दिनेछौं ।

३९. सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्तामा अति गरिव, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, असहाय, एकल महिला लगायतलाई थप

भत्ता उपलव्ध गराउनेछौं । सामाजिक सुरक्षा भत्ता सुलभ रूपमा प्राप्त हुने व्यवस्था मिलाउँछौं ।

४०. ज्येष्ठ नागरिक, अपाङ्गता भएका, असहाय, सुत्केरी र दुर्घटनामा परेका व्यक्तिका लागि महानगरभित्र निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्नेछौं । ज्येष्ठ नागरिकका लागि अस्पतालमा छुट्टै वार्ड वा लाइनको व्यवस्थाका लागि पहल गर्नेछौं ।

४१. हिंसा प्रभावित महिला, जेष्ठ नागरिक र बालबालिकाको लागि उद्धार, कानुनी सहायता, सुरक्षित आवास र मनोसामाजिक विमर्श सेवाको व्यवस्था गर्नेछौं । साथै, अन्यायमा परेका नागरिकका लागि निःशुल्क कानुनी सेवा प्रदान गर्नेछौं ।

४२. अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरू (धोबी, मोची, हजाम, बैण्डबाजा बजाउने, घरेलु कामदार, ठेला चालकको) लाई सूचीकृत गरी सीप प्रबर्धन र व्यवसाय रक्षाका लागि जीवन बीमा सहितको विशेष कार्यक्रम ल्याउनेछौं।

४३. छुवाछूत, दाइजो, तिलकसहित जातीय तथा लैङ्गिक भेदभाव, अन्धविश्वास र कुसंस्कार जस्ता सामाजिक कुरीति हटाउँदै सामाजिक रूपान्तरणका कार्यक्रम सञ्चालन गर्नेछौं ।

४४. किशोरकिशोरी, युवा, महिला, दलित, पिछडा वर्ग र यौनिक अल्पसंख्यकको सशक्तीकरण र उत्थानका लागि विशेष कार्यक्रम ल्याउनेछौं । दलित तथा पिछडा वर्गको इतिहास लेख्ने व्यवस्था मिलाउनेछौं ।

४५. युवा दुर्व्यसनी तथा उनीहरूको मानसिक स्वास्थ्यमा परेको नकारात्मक असर अन्त्य गर्न युवामैत्री मनोसामाजिक विमर्श सेवा प्रदान गर्न पुनर्स्थापना केन्द्रको संरक्षण र प्रवर्द्धन गर्नेछौं ।

४६. महानगरभित्र रहेका घाट वा अन्त्यष्टि स्थलहरूको सुधार, सम्भार तथा विद्युत शव दाहगृह सहितको व्यवस्था गर्नेछौं ।

**छ. वातावरण संरक्षण र पार्कः**

४७. विराटनगरमा विभिन्न वडामा रहेका ऐलानी जमिन पहिचान गरी फ्री वाइफाई सहित चिल्ड्रेनपार्क, युवामैत्री पार्क, जेष्ठ नागरिक चौतारी,

शारीरिक तन्दुरुस्ती पार्क तथा मनोरञ्जन स्थल निर्माण गर्नेछौं । सिंगिया र केसलिया नदीमा बाँध र तटबन्धन गरी मत्स्यपालन, डुङ्गा सञ्चालन र किनारमा हरियाली पार्क निर्माण गर्नेछौं ।

४८. महानगरभित्र हुने अव्यवस्थित निर्माण प्रकृया तथा सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । प्रदूषण कम गर्ने उद्योगहरूलाई कर छुट दिनेछौं ।

४९. महानगरभित्रका सबै सडक किनार र सार्वजनिक स्थलहरूमा वृक्षरोपण गर्नेछौं ।

**ज. सूचना र संचारः**

५०. सबैका लागि ईन्टरनेटको पहुँचका लागि महानगपालिकाको आफ्नै ब्रोडबेण्ड नीति लागू गर्नेछौं ।

५१. विराटनगरमा रहेका पुस्तकालयहरूलाई विद्युतीय प्रविधियुक्त (E-Library) बनाउन प्रोत्साहन गर्नेछौं । साथै, स्थानीय रुपमा सञ्चालित क्लब, वाचनालय तथा सामुदायिक सूचना केन्द्र सुसञ्चालनका लागि सहयोग गर्नेछौं ।

५२. महानगर क्षेत्रबाट प्रकाशन तथा प्रसारण हुने पत्रपत्रिका, एफएम, टेलिभिजन, अनलाइन सञ्चारगृहको क्षमता विकास गर्नेछौं । पत्रकार तथा सञ्चारकर्मीको सुरक्षा र पेशागत क्षमता विकासका लागि उपयुक्त कार्यक्रम ल्याउनेछौं । सञ्चारकर्मी महिलालाई पेशामा टिकाइराख्नका लागि आवश्यक कार्यक्रम ल्याउनेछौं ।

**झ. सडक सुरक्षाः**

५३. महानगरभित्रका चौकहरूमा सिसि क्यामरा जडान, बिजुलीको पोलमा नम्बर राख्ने तथा सुरक्षा फोन नम्बरको व्यवस्था गर्नेछौं । नगरप्रहरीको संख्या र क्षमता वृद्धि गरी महानगरबासीको धन-जनको सुरक्षाको प्रत्याभूति गर्नेछौं ।

५४. महानगरक्षेत्रका सडकहरूमा सडकबत्तीको व्यवस्था गरी पैदलयात्री र साइकलयात्रीको सुरक्षित यात्राका लागि विशेष व्यवस्था गर्नेछौं ।

५५. महानगरका मुख्य चौकहरूमा ट्राफिक संकेत, ट्राफिक लाइट, लेन

मार्किङ्ग तथा जेब्राक्रसिङ्को व्यवस्था गर्नेछौं ।

**ञ. युवा तथा रोजगारीः**

५६. किशोरकिशोरी तथा युवाहरूको सर्वाङ्गीण विकासको लागि महानगरीय युवा विकास सञ्जाल निर्माण गरी विभिन्न कार्यक्रम सञ्चालन गर्नेछौं ।

५७. महानगर स्तरीय रोजगार प्रबर्द्धन समिति गठन गरी एक घर एक रोजगारीको कार्यक्रम ल्याउने छौं । सो कार्यका लागि लक्षित वर्गका लागि लोकसेवा अयोग, शिक्षा आयोग, बैङ्किङ सेवा, प्रहरी र नेपाली सेनाको सेवाप्रवेश आदिका क्षेत्रमा निःशुल्क प्रशिक्षण तथा तयारी कक्षाहरू सञ्चालन गर्नेछौं ।

५८. युवा स्वरोजगार अन्तर्गत महिला तथा युवाले एकल तथा साझेदारीमा व्यवसाय सञ्चालन गरेमा कर छुट प्रदान गर्नेछौं । वैदेशिक रोजगारीमा गएका युवालाई लक्षित गरी विशेष व्यावसायिक कार्यक्रम ल्याई उत्पादनमूलक कार्यमा लगानी गर्न प्रोत्साहित गर्नेछौं ।

५९. महिला उद्यमशीलता विकासका लागि विशेष तालिम तथा प्रशिक्षण सञ्चालन गरी आवश्यक वित्तीय सहयोग कार्यक्रम ल्याउनेछौं । महिलालाई अटोचालक तथा सीटीरिक्सा चालक तालिममा सहभागी हुन प्रोत्साहित गर्नेछौं ।

**ट. खेलकुद तथा शारीरिक सुगठनः**

६०. सहिद मैदानमा नेकपा एमालेको नेतृत्वमा भएको प्रदेश सरकारले रात्रि समयमा खेल संचालन गर्न सक्ने गरी फ्लास लाइटको व्यस्था गरेको छ । सहिद मैदान र कवर्ड हलको थप स्तर उननतिका लागि पहल गर्नेछौं ।

६१. विराटनगर-१९ बैजनाथपुरमा क्रिकेट मैदान रङ्गशाला सहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न सकिने खेलग्राम बनाउनेछौं ।

६२. हरेक वर्ष मेयर कप प्रतियोगिता आयोजना गर्नेछौं । संभव भएसम्म हरेक वडामा एक खेलमैदान, एक फिटनेस क्लब तथा निजी क्षेत्रसँगको साझेदारीमा सबै उमेरसमूहको पहुँच हुनेगरी सर्वसुलभ पौडी पोखरी र फुटसल कोर्ट बनाउनेछौं ।

६३. हरेक वर्ष प्रत्येक वडामा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। परम्परागत खेलहरूलाई प्रबर्द्धन गर्न जोड दिइनेछ।

**ठ. सहरी कृषि विकासः**

६४. महानगरभित्रका कृषियोग्य जमिनमा कृषि बीमा सहितको ब्यावसायिक खेती र पशुपालनलाई प्रोत्साहन गर्नेछौं । सहकारी तथा व्यावसायिक खेती गर्नेलाई कृषि उपकरण, मल, बीउ, औषधि आदिमा विशेष सहुलियत दिई अर्गानिक तरकारी तथा फलफूल उत्पादन तथा बजारीकरणको व्यवस्था गर्नेछौं।

६५. कृषि उत्पादनमा आवश्यक पर्ने अनिवार्य सिञ्चाइ प्रणालीको विकासका लागि खेतमा विद्युत लाइन् विस्तार गर्न र भूमिगत पानी ताननको लागि प्रयोग हुने विद्युतको सिञ्चाइ मिटरमा विशेष छुट दिनेछौं।

६६. तरकारी तथा फलफूल व्यवसायीलाई लक्षित गरी निजी क्षेत्रको लागत सहभागितामा शीत भण्डार (Cold Store) निर्माण र सञ्चालन गर्नेछौं।

६७. गाईभैंसी तथा बाख्रापालक कृषकलाई लक्षित गरी हरियो घाँस उत्पादन गर्न महानगरपालिकाभित्रका जमिन भाडामा लिएमा भाडा रकममा अनुदान दिइने छ।

**ड. उर्जा र औद्योगिक विकासः**

६८. उज्यालो विराटनगर अभियान अन्तर्गत आगामी दुई वर्षभित्र मुख्य सडकहरूमा सौर्य वत्ती जडान गर्नेछौं। महानगरभित्र सुविधा सम्पन्न औद्योगिक,व्यापारिक प्रदर्शनीस्थल र अन्तर्राष्ट्रिय स्तरको सभागृह बनाउनेछौं। नेपाल सरकारबाट प्रस्तावित सुख्खा बन्दरगाहासहितको विशेष आर्थिक एवम् निर्यात प्रबर्द्धन क्षेत्र निर्माण गर्नेछौं ।

६९. घरेलु तथा औद्योगिक क्षेत्रका लागि सहुलियत दरमा बिजुली उपलब्ध गराउनेछौं। गरिबीको रेखामुनीका परिवारहरूलाई लक्षित गरी (दाउरा, गुइँठा, झिँजाहरूले खाना पकाउने परिवारहरूलाई) निःशुल्क विद्युत जडान सहित अनुदानमा विद्युतीय चुल्हो उपलब्ध गराइने छ।

७०. एक परिवार एक बैंक खाताको अवधारणाका साथ महानगरका सबै वडाहरूमा बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार गर्नेछौं। सामाजिक सुरक्षा भत्ता रोजेकै बैंक तथा वित्तीय संस्थाबाट पाइने व्यवस्था मिलाउनेछौं।

**ढ. विज्ञान तथा प्रविधिः**

७१. नयाँ प्रविधि लगायतका विषयमा खोज अनुसन्धान गर्न नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको सहकार्यमा विज्ञान प्रविधि अनुसन्धान तथा आविष्कार केन्द्र (क्ष्ललयखबतष्यल ऋभलतचभ) स्थापना गर्नेछौं। युवा वैज्ञानिकहरूलाई अध्ययन अनुसन्धानमा आकर्षित गर्न विशेष कार्यक्रम ल्याउनेछौं।

७२. सूचना प्रविधिको क्षेत्रमा काम गरिरहेका युवा उद्यमीहरू तथा वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई उद्यमशीलता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्नेछौं ।

**ण. लघु उद्योग र बजार विकासः**

७३. लघु, साना एवं मझौला उद्योगको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै सहकारी तथा निजी क्षेत्रसँगको सहभागितामा स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा बजारीकरण गर्नेछौं। उद्यमशीलताको विकासका लागि आवश्यक ज्ञान,सीप सहितको तालिम दिई व्यवसाय गर्न बीउपुँजीमा ब्याज अनुदान दिने व्यवस्था गर्नेछौं। सहकारी संस्थामा बचतका रूपमा रहेको रकमलाई उत्पादनशील काममा लगानी गर्ने वातावरण मिलाउनेछौं।

७४. स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्यवस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गर्नेछौं। महानगरभित्र बिक्री वितरण हुने बस्तु तथा सेवाको गुणस्तर कायम गर्ने सयन्त्र बनाई अनुगमनको व्यवस्था मिलाउनेछौं। साथै, उपभोक्ता हित संरक्षणका लागि आवश्यक तालिम तथा जागरण अभियान सञ्चालन गर्नेछौं।

७५. ग्रामीण अर्थतन्त्रलाई सहरी अर्थतन्त्रसँग एकाकार गराउन एकीकृत कृषि उत्पादन खरिद बिक्री केन्द्र स्थापना गरी कृषि उत्पादनलाई सहज

बिक्री वितरणको व्यवस्था गर्नेछौं । निर्माण सम्पन्न कृषि थोक केन्द्र सञ्चालन गर्न पहल गर्नेछौं ।

७६. नेपाली मौलिक र परम्परागत उत्पादनलाई आधुनिक प्रबिधियुक्त बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा निकासी गर्न आवश्यक प्रवर्द्धन र सहयोग गर्नेछौं । निर्यात प्रबर्द्धनमा योगदान गर्ने उद्योगलाई विशेष सुविधा दिनेछौं ।

७७. सडकमा लाग्ने साप्ताहिक हाटबजारलाई उपयुक्त स्थानमा स्थानानतरण गरी सडक आवागमनलाई अवरोधमुक्त पार्नेछौं ।

**त. साहित्य, कला, संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनः**

७८. एक नंम्बर प्रदेशका सबै नागरिकको जाति, भाषा, संस्कृति र ऐतिहास सामग्रीहरू समेटिएको साँस्कृतिक सङ्ग्रहालय निर्माण गर्नेछौं ।

७९. नेपालको राजनैतिक आनदोलनको सुरुवात भएको विराटनगर रानीको हड्ताली हाटमा प्रजातान्त्रिक आनदोलन स्मृति स्तम्भ र सहिद मैदानमा सहिद स्मृति स्तम्भ बनाउने छौं । साथै, १ नं. प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले बनाएको कार्यदलले दिएको सुझाव अनुरूपको ऐतिहासिक संङ्ग्रहालय निर्माण गर्नेछौं । विराटनगर जुटमिल क्षेत्रमा प्रौद्योगिक सङ्ग्रहालय स्थापना गर्नेछौं ।

८०. विराटराजाको दरबार क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न विशेष कार्यक्रम ल्याउने छौं ।

८१. नेपालीहरूको महान चाड दशै, तिहार, छैठ तथा इदसम्मको अवधिलाई विशेष प्याकेज सहित सांस्कृतिक महिना घोषणा गरी पर्यटक प्रबर्द्धन गर्नेछौं । ग्रामथान, डिहबार लगायत परम्परागत धार्मिक स्थलको संरक्षण र सम्बर्धन गर्नेछौं ।

**थ. सुशासन र पारदर्शिता**

८२. महानगरका प्रमुख, उपप्रमुख सहित सबै जनप्रतिनिधिले पद भार सम्हालेको र पदमुक्त भएको ३० दिनभित्र अनिवार्य रूपमा सम्पति विवरण पेश गर्ने र त्यसको सात दिनपछि सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछौं ।

८३. भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति लिनेछौं ।

८४. महानगरको आय, खर्च, पेश्की, बेरुजु नियन्त्रणमा कडा आर्थिक अनुशासन कायम गर्नेछौं ।

८५. महानगर कार्यपालिकाले गरेका कामका महत्वपूर्ण सूचनाहरू सहरका मुख्य भागमा विद्युतीय सूचना बोर्ड निर्माण गरी सर्वसाधारणले पढ्न पाउने व्यवस्था मिलाउनेछौं ।

८६. महानगरले सम्पादन गर्ने सबै कामको समयसीमा र मापदण्ड तोक्नेछौं । परियोजनाको पारदर्शिताका लागि परियोजना सूचना पाटी अनिवार्य गर्नेछौं ।

८७. महानगरपालिकाले प्रदान गर्ने सेवासुविधालाई विद्युतीय सुशासन र प्रविधिमैत्री, छिटो, छरितो र प्रभावकारी बनाउनेछौं । बिजुली, खानेपानी, टेलिफोन, मालपोत, घरजग्गा कर आदि तिर्न व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने अवस्थामा बाहेक घरै बसेर अनलाइन भुक्तानी गर्ने ब्यवस्था मिलाउनेछौं ।

**द. बाह्य सम्बन्धः**

८८. अन्य गाउँ तथा नगरपालिका र प्रदेश तथा संघीय सरकारसँग विकास निर्माण र सेवा प्रवाहका क्षेत्रहरूमा साझेदारी गर्नेछौं ।

८९. समान उद्देश्य भएका स्वदेशी तथा विदेशी महानगरसँग भगिनी सम्बन्ध विकास गरी अन्तराष्ट्रिय स्तरको प्रविधि र क्षमता आदानप्रदान गर्नेछौं ।

९०. सिंगिया र केसलिया वारिपारीको गाउँ र सहरको आवागमन सहज बनाउन आवश्यक स्थानमा पक्की पुल वा मोटरसाइकल आवतजावत गर्न सक्ने झोलुङ्गे पुल निर्माण गर्नेछौं ।

**ध. विविधः**

९१. जनप्रतिनिधि र कर्मचारीका लागि स्थानीय सरकार सञ्चालनका विविध पक्षमा तालिम दिई जनमुखी सेवा प्रवाहका लागि अभिप्रेरित गर्नेछौं ।

९२. सेवा प्रवाहमा राजनीतिक आस्थाका आधारमा कसैसँग विभेद गर्ने छैनौं ।

९३. महानगरभित्र आवश्यक स्थानमा सार्वजनिक शौचालय बनाइने छ । सार्वजनिक भवन, सडक, ढल, नाला, शौचालय आदि ज्येष्ठ नागरिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री हुने व्यवस्था गर्नेछौं ।

९४. महानगरको मुख्य बजार क्षेत्रलाई तारमुक्त गर्नेछौं । सहरी सौन्दर्यकरणका लागि टेलिफोन, ईन्टरनेट र केबलका तारहरूलाई जमिनमुनि बिच्छ्याउन लगाउनेछौं ।

९५. टोल विकास संस्थाको क्षमता अभिबृद्धि गरी विकास अभियानमा साझेदारी गर्नसक्ने बनाउनेछौं ।

९६. पुरानो गुद्री बजारमा बहुउद्देश्यीय ट्रेड टावर निर्माण गरी आर्थिक गतिविधिलाई प्रबर्द्धन गर्नेछौं ।

९७. जोगबनी-किमाथाङ्का सडक सञ्चालनपछि विराटनगरको विकास र पर्यटन प्रबर्द्धन हुने विशेष कार्यक्रम ल्याउनेछौं ।

९८. विराटनगरमा सञ्चालनमा रहेका अस्पतालहरूमा विशेषज्ञ सेवा लिन बाहिरबाट आउने सेवाग्राहीलाई सहयोग तथा सहजीकरण गर्दै स्वास्थ्य पर्यटन प्रबर्द्धन गर्ने विशेष योजना बनाउनेछौं ।

९९. प्रगतिशील करप्रणालीको सिद्धानत अवलम्बन गर्दै आनतरिक राजश्व वृद्धिका लागि करका नयाँ स्रोतहरूको खोजी गर्नेछौं।

१००. स्थानीय कर, सेवाशुल्क तथा दस्तूर परिचालन गर्दै राजस्व छलीलाई निरुत्साहित गर्नेछौं ।

**सूर्य ध्वजाबाहक उम्मेद्वारहरुलाई अत्यधिक मत दिई विजयी गराऔँ ।**

**निर्वाचन परिचालन कमिटी**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)
विराटनगर महानगरपालिका